भरतपुर महानगरपालिका

# नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः ११४, बैठक मितिः २०८२।१०।०६ गते, बिहान ०८ बजे)

| | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | ११३ औं नगर कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा । | भरतपुर महानगरपलिका नगर कार्यपालिकाको मिति २०८२।०९।०७ को ११३ औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाईयो । |
| २. | EIA (वातावरणीय प्रभाव मूल्याङ्कन) को म्याद थप सम्बन्धमा । | देहाय अनुसारका EIA (वातावरणीय प्रभाव मूल्याङ्कन) को म्याद २०८३ असार मसान्त सम्म थप गर्ने।<br>क. भरतपुर महानगरपालिका प्रशासकीय भवन निर्माण तथा सञ्चालन<br>ख. ठोस फोहोर व्यवस्थापन केन्द्र निर्माण तथा सञ्चालन<br>ग. गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण तथा सञ्चालन |
| ३. | विविध | |
| क. | भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा । | कनकासुन्दरी गाउँपालिका, जुम्ला, कर्णाली प्रदेश बाट भरतपुर महानगरपालिका सँग भगिनी सम्बन्धमा कायम गर्न अनुरोध भई आए अनुसार कनकासुन्दरी गाउँपालिका सँग भगिनी सम्बन्ध कायम गर्ने । |
| ख. | हिमालयन एनिमल रेस्क्यु ट्रष्ट (HART) लाई सेवा सञ्चालन अनुमती दिने सम्बन्धमा । | Himalayan Animal Rescue Trust (HART) ले भरतपुर महानगरपालिका अन्तर्गत छाडा कुकुरहरुको निशुल्क उपचार तथा संरक्षण गर्ने प्रयोजनका लागि संरक्षण केन्द्र सञ्चालन गर्न अनुमति माग गरेको हुँदा ११ नं. वडा कार्यालयले सिफारिस गरेको श्री जनजागृती आधारभूत विद्यालयको संरचना तथा चर्चेको जग्गामा उक्त संरक्षण केन्द्र सञ्चालन अनुमति दिने । |
| ग. | राजश्व परामर्श समितिबाट सिफारिस भए अनुसार कर छुट सम्बन्धमा । | २०८२ भाद्र २३ र २४ गते जेन जी (Gen Z) आन्दोलनका क्रममा भएको क्षतिपूर्तिको लागि राजश्व परामर्श समितिबाट सिफारिस भए बमोजिम देहाय अनुसार राजश्व छुट दिने ।<br>देहाय<br>• भाटभटेनी सुपरमार्केट, भ.म.न.पा-१०, चितवनलाई चालु आ.व. ०८२/०८३ को व्यवसाय कर र सम्पत्ति करमा शत प्रतिशत छुट दिने । |

<table>
<tr><td></td><td></td><td><ul><li>भरतपुर महानगरपालिका र आर के दियालो प्रा.लि. बिच सम्झौता भई सञ्चालनमा रहेको चमेना गृह लाई सम्झौता समाप्त भए पश्चात थप ६ महिनाको लागि चमेना गृह सञ्चालन गर्न दिने ।</li></ul></td></tr>
<tr><td>घ.</td><td>कालोसूचीमा नराख्न सिफारिस गर्ने सम्बन्धमा ।</td><td>महानगरपालिकाका विभिन्न वडाहरुमा सडक मर्मत कार्यको लागि सम्झौता भएको ठेक्का नं. 6-BMC/2078/079/W/NCB/8 मा हाल निर्माण कार्यहरु सम्पन्नको चरणमा रहेकोले निर्माण व्यवसायी श्री Worldwide-Dhulikhel JV लाई कालोसूचीमा नराख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने ।</td></tr>
<tr><td>ङ.</td><td>सडक मापदण्ड संशोधन गर्ने सम्बन्धमा ।</td><td>भरतपुर मानगरपालिकामा रहेका विभिन्न सडकको मापदण्डमा एउटै सडक खण्डको लागि फरक-फरक मापदण्ड राखी प्रकाशित भएकोले देहाय बमोजिम हुने गरी मापदण्ड परिवर्तन गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>वडा नं.</th><th>कायम हुने मापदण्ड</th></tr>
<tr><td>१</td><td>बेलचोक-बाह्रघरे-शिवघाट-विजयनगर सडक</td><td rowspan="3">३,४,१६,१७,१८</td><td rowspan="3">१८ मिटर</td></tr>
<tr><td>२</td><td>शिवघाट रंगशाला हुँदै वडा नं. १७ काप्रेघाट</td></tr>
<tr><td>३</td><td>वडा नं. १६ को कार्यालय हुँदै मंगलपुर सम्म</td></tr>
</table></td></tr>
</table>

| | | |
|---|---|---|
| च. | आर्थिक सहायता सम्बन्धमा । | • भरतपुर महानगरपालिका वडा नं. १८ निवासी श्री तारा माया आलेलाई औषधि उपचार गर्न रु. ५०,०००।— (पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. २५ निवासी श्री साजन महतोलाई औषधि उपचार गर्न रु. ५०,०००।— (पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. ४ निवासी श्री डिलाराम कँडेललाई औषधि उपचार गर्न रु. ५०,०००।— (पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. १९ निवासी श्री अनिल ढकाललाई औषधि उपचार गर्न रु. १,००,०००।— (एक लाख रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. २१ निवासी श्री सरस्वती वि.क. लाई क्यान्सर उपचार गर्न रु. ५०,०००।— (पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने । |